sabaikosaccos@gmail.com sabaikosaccos
www.sabaikosaccos.com

पाँचौ वार्षिक साधारण सभा-२०८३



वार्षिक प्रतिवेदन-२०८२/०८३

दर्ता नं.: ६४(२०५१/५२) ४८२

उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता

"व्यवस्थित सहकारी : स्तरीय सेवा"

सबैको बचत तथा ऋण सहकारी संस्था लि.

Sabaiko Saving & Credit Co-operative Ltd.

मुख्य कार्यालय : तिलोत्तमा-५, मणिग्राम, रूपन्देही, लुम्बिनी प्रदेश
फोन: ०७१-५६२७६९, ५९०४५९, ९८५७०४२७६९

लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

सहकारी पुरस्कार-२०८१

बचत तथा ऋणको माध्यमद्वारा वित्तीय सेवा प्रवाह गरी सहकारी व्यवसाय मार्फत सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा उल्लेख्य योगदान पुऱ्याए वापत प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्था मध्ये **श्री सबैको बचत तथा ऋण सहकारी संस्था लिमिटेड** तिलोत्तमा नगरपालिका वडा नं.-५, मणिग्राम, रुपन्देहीलाई यस मन्त्रालयको तर्फबाट ६८ औं राष्ट्रिय सहकारी दिवस (२०८१ चैत्र २० गते) को अवसरमा नगद रु. ७,०००।- (अक्षरूपी: सात हजार रुपैयाँ) सहित सहकारी पुरस्कार प्रदान गरिएको छ । पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई ।

श्याम नारायण देवकोटा	मा. दिनेश पन्थी	मा. चेतनारायण आचार्य
सचिव	मन्त्री	मुख्यमन्त्री

स.वि.द.न. : ३२९-०५०/०५१

नेफ्स्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

प्रशंसा-पत्र

यस केन्द्रीय संघको ३४औं स्थापना दिवसको अवसरमा संघमा आबद्ध सदस्य संस्थाहरूमध्ये आ.व. ०७७/७८ मा **साकोस एकीकरण अभियानमा उत्कृष्ट** भई **नेफ्स्कून प्रशंसा पुरस्कार विधि**मा छनौट भएको **रूपन्देही** जिल्ला स्थित **सबैको बचत तथा ऋण सहकारी संस्था लि.** लाई संघको ३०औं वार्षिक साधारणसभाको सु-अवसरमा यो प्रशंसा पत्र प्रदान गरिएको छ ।

प्रकाश प्रसाद पोखरेल	परितोष पौड्याल
का.मु. प्रमुख कार्यकारी अधिकृत	अध्यक्ष

मिति : २०७८ मंसिर ३ गते

www.nefscun.org.np

सबैको बचत तथा ऋण सहकारी संस्था लि.
Sabaiko Saving & Credit Co-operative Ltd.

मुख्य कार्यालय : तिलोत्तमा-५, मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश
फोन: ०७१-५६२८९०, ५२०४५२, ९८५७०४२७६२

प.सं./च.नं.: २०८३/०८४/१२९ मिति : २०८३/०५/१०

आदरणीय सेयर सदस्यज्यूहरु

विषय : साधारण सभामा उपस्थित हुने बारे ।

उपरोक्त सम्बन्धमा यस **सबैको बचत तथा ऋण सहकारी संस्था लि.** को मिति २०८३ भाद्र ०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम, यस संस्थाको **पाँचौ वार्षिक साधारण सभा** एकाइ स्तरमा आयोजना गरिने भएकाले आफ्नो सेवाकेन्द्र अनुसारको एकाइ तोकिएको स्थानमा हुने सभामा अनिवार्य उपस्थितीका लागी अनुरोध गर्दछौ ।

साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु (कार्य सूचि) :

१. साधारण सभाको गणपुरक संख्या एकिन सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगती प्रतिवेदन र आ.व. २०८३/०८४ को प्रस्तावित निति तथा कार्यक्रम पारित सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित सम्बन्धमा ।
४. आर्थिक वर्ष २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आर्थिक वर्ष २०८२/०८३ को आर्थिक प्रतिवेदन तथा आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित बजेट पारित सम्बन्धमा ।
६. आर्थिक वर्ष २०८२/०८३ को मुनाफाबाट सेयर लाभांश कोष र संरक्षित पूँजीफिर्ता कोष वितरणको स्वीकृति सम्बन्धमा ।
७. आर्थिक वर्ष २०८२/०८३ को कर्मचारी लाभांश कोष, सहकारी शिक्षा कोष र सामुदायिक विकास कोष खर्च गर्ने र खर्च भई बाँकी रकम जगेडा कोषमा स्थानान्तरणका लागि स्वीकृति सम्बन्धमा ।
८. आर्थिक वर्ष २०८३/०८४ को लेखा परिक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
९. संस्थाको आवश्यक नीति तथा कार्यविधिहरु निर्माण तथा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
१०. अचल सम्पत्ती खरिद-बिक्री तथा सट्टा पट्टाको लागी अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
११. संस्था एकीकरण गर्ने सम्बन्धमा ।
१२. संस्थाको ४ वर्षे व्यवसायिक रणनीतिक योजना पारित सम्बन्धमा ।
१३. भाखा नाघेको ऋण असुलीका लागि धितो लिलाम प्रक्रिया र आंशिक दायित्व मिनाहाका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा
१४. साधारण सभाको निर्णय प्रमाणीकरण गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१५. साधारण सभाको एकाइ प्रतिनिधिहरुको सभा (निर्णय प्रमाणिकरण सभा) मा सहभागि हुने प्रतिनिधि चयन सम्बन्धमा ।
१६. विविध ।

सबै एकाइहरुमा सभा हुने मिति : २०८३ असोज १० गते शनिबार बिहान ११ बजेदेखि

क्र.स.	एकाइ साधारण सभा हुने सेवाकेन्द्रहरु	स्थान
१	मुख्य कार्यालय र गोरकटवा सेवाकेन्द्रका सदस्यहरु	बिश्राम बाटिका मणिग्राम, तिलोत्तमा ५
२	भलवारी, सेमरा र बाँसघारी सेवाकेन्द्रका सदस्यहरु	सुनगाभा रिसोर्ट भलवारी, तिलोत्तमा ७
३	शिवचोक, नन्दनवन र शिवपुरका सदस्यहरु	रेसडुगा पार्टी प्यालेस ४ नं., तिलोत्तमा ८
४	भरवलिया सेवाकेन्द्रका सदस्यहरु	जमुहानी पार्क, तिलोत्तमा १७
५	निर्णय प्रमाणीकरण सभा	मिति २०८३ असोज १६ गते, मुख्य कार्यालय तिलोत्तमा-५

थप जानकारी :

१. सदस्यहरुको सहजताका लागि उपस्थिति समय बिहान ९:०० बजे देखि सुरु गरिने छ ।
२. साधारण सभामा प्रस्तुतहुने वार्षिक प्रतिवेदनहरुको पूर्ण पाठ संस्थाको वेवसाईड www.sabaikosaccos.com मा हेर्न र पढ्न सकिने छ साथै संस्थाको फेसबुक पेजमा समेत QR मार्फत उपलब्ध हुनेछ ।
३. सदस्य बाहेक अरुको उपस्थिति मान्य हुने छैन ।

हिमकला ओस्ती अधिकारी
सचिव

समिति तथा उपसमितिको नाम तथा सम्पर्क नं.

सञ्चालक समिति			
क्र.स	नाम	पद	सम्पर्क नं.
१	भरतराज भूसाल	अध्यक्ष	९८५७०३५४२०
२	सुकबहादुर नेपाली	उपाध्यक्ष	९८४७०२२०४०
३	हिमकला ओस्तीअधिकारी	सचिव	९८१६४९१६४६
४	टीकाराम न्यौपाने	कोषाध्यक्ष	९८५७०३५९६१
५	विष्णुप्रसाद पाण्डे	सदस्य	९८५७०२७४०२
६	चन्द्रकुमारी थापा	सदस्य	९८१९४१७४८५
७	इश्वरीप्रसाद पाण्डे	सदस्य	९८५७०९०११६
८	शारदा खत्री क्षेत्री	सदस्य	९८४७०४९६८०
९	भगवती भट्टराई	सदस्य	९८६७०२२२५०
ऋण लगानी, असुली तथा अनुगमन उपसमिति			
१	टीकाराम न्यौपाने	संयोजक	९८५७०३५९६१
२	चुरामणि पाण्डेय	सदस्य	९८५७०३५२६५
३	यज्ञमूर्ती पाण्डेय	सदस्य	९८५७०३५७३३
धितो मुल्याङकन उपसमिति			
१	सुकबहादुर नेपाली	संयोजक	९८४७०२२०४०
२	टेकनाथ कोईराला	सदस्य	९८५७०२४५९६
३	केशवराज शर्मा	सदस्य	९८४७०२३५०३
शिक्षा उपसमिति			
१	इश्वरीप्रसाद पाण्डे	संयोजक	९८५७०९०११६
२	डिल्लीराज गैरे	सदस्य	९८५७०३५३७४
३	राम बहादुर कार्की	सदस्य	९८४७०९१२८०
महिला उद्धम उत्प्रेरणा उपसमिति			
१	शारदा खत्री क्षेत्री	संयोजक	९८४७०४९६८०
२	कमला पन्थ	सदस्य	९८४७४७३२६०
३	शिवा कार्की	सदस्य	९८४७२८०२६२
भलवारी सेवाकेन्द्र व्यवस्थापन उपसमिति			
१	हिमकला ओस्तीअधिकारी	संयोजक	९८१६४९१६४६
२	विष्णुप्रसाद अर्याल	सदस्य	९८५७०४२२६६
३	रामप्रसाद काफ्ले	सदस्य	९८५७०३५२५१

लेखा सुपरिवेक्षण समिति			
१	हरिप्रसाद न्यौपाने	संयोजक	९८५७०२८७०३
२	मीरावश्याल पाण्डे शर्मा	सदस्य	९८४७०६६४४८
३	रामप्रसाद खरेल	सदस्य	९८५७०४२१५४
गोरकटवा सेवाकेन्द्र व्यवस्थापन उपसमिति			
१	सुकबहादुर नेपाली	संयोजक	९८४७०२२०४०
२	अजय राना	सदस्य	९८५७०२२०८९
३	भोजराज पाण्डे	सदस्य	९८४७०२३०१४
शिवचोक सेवाकेन्द्र व्यवस्थापन उपसमिति			
१	विष्णुप्रसाद पाण्डे	संयोजक	९८५७०२७४०२
२	बालाकृष्ण कुंवर	सदस्य	९८४७२०३२१८
३	यशोदा न्यौपाने	सदस्य	९८४७२६७८८१
नन्दनवन सेवाकेन्द्र व्यवस्थापन उपसमिति			
१	टीकाराम न्यौपाने	संयोजक	९८५७०३५९६१
२	चन्द्रकुमारी थापा	सदस्य	९८१९४१७४८५
३	रामचन्द्र भट्टराई	सदस्य	९८५७०७५३०४
शिवपुर सेवाकेन्द्र व्यवस्थापन उपसमिति			
१	शारदा खत्री क्षेत्री	संयोजक	९८४७०४९६८०
२	आरती खवास	सदस्य	९८४७०१०६२७
३	पार्वती थापा	सदस्य	९८४४७८१३७३
भरवलिया सेवाकेन्द्र व्यवस्थापन उपसमिति			
१	भगवती भट्टराई	संयोजक	९८६७०२२२५०
२	बिकाश भट्टराई	सदस्य	९८४७२६७१६२
३	ताराप्रसाद न्यौपाने	सदस्य	९८६७७१९५८१
बाँसघारी सेवाकेन्द्र व्यवस्थापन उपसमिति			
१	सुकबहादुर नेपाली	संयोजक	९८४७०२२०४०
२	शालिकराम पाण्डेय	सदस्य	९८४७०३६९६४
३	देवीप्रसाद भुसाल	सदस्य	९७६५८६१२७७
सेमरा सेवाकेन्द्र व्यवस्थापन उपसमिति			
१	इश्वरीप्रसाद पाण्डे	संयोजक	९८५७०९०११६
२	हस्त बहादुर आले	सदस्य	९८५७०३५६१०
३	प्रेम कुमार खरेल	सदस्य	९८४७०७७०३९

समिति तथा उपसमितिको नाम तथा सम्पर्क नं.

महिला उद्यम उत्प्रेरणा उपसमिति शिवचोक सेवाकेन्द्र			
१	कमला कुमारी बस्याल	संयोजक	९८५७०३०६८८
२	कृष्ण कुमारी थापा	सदस्य	९८२६४००२१०
३	माया देवी थापा पुन	सदस्य	९८१७४८३७८४
महिला उद्यम उत्प्रेरणा उपसमिति गोरकट्टा सेवाकेन्द्र			
१	सुकमाया नेपाली	संयोजक	९८१९४०३७३८
२	कमला गुरुङ	सदस्य	९८१७५२५५५४
३	कला न्यौपाने खनाल	सदस्य	९८४६४८५२४५
महिला उद्यम उत्प्रेरणा उपसमिति बासघारी सेवाकेन्द्र			
१	यमकला न्यौपाने	संयोजक	९८०७४०८७३०
२	रातरानी थारु	सदस्य	९८०४४५५८७७
३	प्रतिमा पोखरेल	सदस्य	९८६७४०८०३३
महिला उद्यम उत्प्रेरणा उपसमिति भलवारी सेवाकेन्द्र			
१	सिता काउचा पुन	संयोजक	९८४७२०५७१५
२	मनु गौतम	सदस्य	९८४७५९०५२१
३	दुर्गाकुमारी न्यौपाने सापकोटा	सदस्य	९७४३४८०७८२

महिला उद्यम उत्प्रेरणा उपसमिति नन्दनवन सेवाकेन्द्र			
१	लिला कुमारी भट्टराई	संयोजक	९८४७२१२१४१
२	कला भण्डारी भुसाल	सदस्य	९८४७३५४४०७
३	अनिता बराल	सदस्य	९८४७१३१५६५
महिला उद्यम उत्प्रेरणा उपसमिति शिवपुर सेवाकेन्द्र			
१	गोमा ढकाल	संयोजक	९८४७२७३९५६
२	कमला खत्री क्षेत्री	सदस्य	९७०४६३२०४५
३	मिना कुमारी चौधरी	सदस्य	९८२१४०६६६९
महिला उद्यम उत्प्रेरणा उपसमिति भरवलिया सेवाकेन्द्र			
१	लक्ष्मी बस्याल	संयोजक	९८४७०५०९६९
२	भगवती बस्याल	सदस्य	९८०२७८९८५०
३	सुमित्रा अधिकारी भुसाल	सदस्य	९७६६६२९३८७
महिला उद्यम उत्प्रेरणा उपसमिति सेमरा सेवाकेन्द्र			
१	रीता न्यौपाने भण्डारी	संयोजक	९८६७१२८४६८
२	जमुना गौतम	सदस्य	९८४७२८०१०९
३	ढाकामाया सोति मगर	सदस्य	९८०७४१३६७९

१	हरिहर पौड्याल	व्यवस्थापक	९८५७०४३७५९

यस संस्था सहित विभिन्न सहकारी संस्थाहरूको लगानीमा सञ्चालित लुम्बिनी विशिष्टीकृत सहकारी संघ लि. बाट उत्पादित दुध तथा दुग्ध जन्य पदार्थ यहाँ पाइन्छ

दूध, मोही, दही, घ्यू
नौनी, पनिर, बटर

सबैको बचत तथा ऋण सहकारी संस्था लि.
Sabaiko Saving & Credit Cooperative Ltd.
तिलोत्तमा-५, मणिग्राम

प्राक्कथन

हामी एकीकरणपश्चात् संस्थाको पाचौँ साधारण सभामा सहभागी भएका छौँ । यस अवधिमा साबिक सहकारी संस्थाहरूको स्थापना, विकास तथा विस्तार, एकीकरण तथा सुसञ्चालनमा विभिन्न ढंगले सहयोग गर्ने यहाँहरू सबैमा हार्दिक आभार ब्यक्त गर्दछौँ ।

त्यसो त वित्तीय सहकारी संस्थाका रूपमा यस संस्थाले सञ्चालनका ३ दशक पार गरेकोछ । यस अवधिमा हामीले एकीकरणका क्षेत्रमा देशमा नै उत्कृष्टता हासिल गरिसकेका छौँ भने प्रदेश सरकारले गरेको मूल्यांकनमा उच्चतम अंकसहित उत्कृष्ट सहकारी पुरस्कार प्राप्त गर्न सफल भएका छौँ । प्रदेश सरकारकै गत आर्थिक वर्षको मूल्यांकनमा पनि यस संस्थाले प्राप्त गरेको अंक अत्युत्तम वर्गको रहेको यहाँहरूमा जानकारी गराउँदछौँ ।

श्रद्धेय सेयर सदस्य महानुभावहरू,

संस्थाको विकास र विस्तारसँगै साधारण सभालाई सदस्यहरूको सहज अन्तर्क्रियात्मक र छलफललाई प्राथमिकता दिनका लागि इकाइ स्तरमा साधारण सभा आयोजना गर्ने र त्यसमा भएका निर्णयहरू प्रमाणीकरण सभाबाट अन्तिम रूप दिने संस्थाको साधारण सभा सञ्चालन सम्बन्धी कार्यविधिअनुसार यो साधारण सभा सञ्चालन गरिँदै छ । साधारण सभालाई कम खर्चिलो र कम झन्झटिलो बनाउन ४ वटा इकाइ स्तरका साधारण सभा एकै दिन आयोजना गरी सञ्चालक, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारहरूसमेत बाँडिई इकाइ स्तरका साधारण सभा सम्पन्न गर्दैछौँ । यसले सदस्यहरूलाई संस्थाका बारेमा छलफल र प्रश्न गर्ने अवसर प्रदान गर्ने छ भने सञ्चालक र लेखा समितिलाई साधारण सभामा सदस्यहरूसँग बृहद अन्तर्क्रिया गर्ने अवसरसमेत प्रदान गर्दछ भन्ने विश्वास लिएका छौँ ।

सहकारी संस्थालाई अझ बढी व्यवस्थित र गुणस्तरीय एवं दिगो वित्तीय संस्था बनाई सदस्यहरूलाई स्तरीय सेवा र सुविधा उपलब्ध गराउन यस आर्थिक वर्षदेखि लागु हुने गरी ४ बर्से रणनीतिक व्यावसायिक योजना लागु गर्न कार्ययोजना बनाइएको छ । यसको कार्यान्वयनले संस्थालाई सहकारीका वित्तीय एवं सञ्चालकीय सूचकहरूमा संस्थालाई उत्तम संस्थाका रूपमा स्थापित गर्ने छ भन्ने हामीले विश्वास लिएका छौँ । मितव्ययी खर्च प्रणाली, प्रतिस्पर्धी कारोबार, सुशासनयुक्त सञ्चालन प्रणाली, अनुचित लाभ र लोभको आश्वासनविना सामयिक प्रतिफलयुक्त दिगो वित्तीय सहकारी बनाउने ध्येयमा नै हामी केन्द्रित रहने छौँ ।

यस संस्थाको संस्थागत प्रगतिको अवस्था, आयव्ययको स्थिति र भावी योजनाहरू तत्तत् विषयका प्रतिवेदनमा प्रस्तुत हुने हुँदा यहाँ पुनरुक्ति गरिएको छैन । गत आ.व.मा यस संस्थाको लक्ष्यको करिब ७५ प्रतिशत उपलब्धि भएको ब्यहोरा जानकारी गराउँदछौँ । संस्थाको मेरुदण्डको रूपमा रहेको संस्थागत पुँजीको अंश हाम्रो संस्थामा न्यूनतम तहभन्दा कम रहेको ब्यहोरा यहाँहरूलाई अवगत नै छ । यसको परिपूर्तिका लागि केही समय लाग्ने नै छ । त्यसबाहेकका अन्य सूचकहरू सन्तोषजनक नै रहेका छन् ।

अन्तमा, यस साधारण सभामा प्रस्तुत हुने संस्थागत प्रतिवेदन, आर्थिक प्रतिवेदन, विभिन्न नीति तथा कार्यविधिसहित आगामी वर्षको योजना र अनुमानित आय-व्ययका बारेमा गहन छलफल भई पारित गरिदिनुहुन अनुरोध गर्दछौँ ।

वर्षभरिमा लेखा सुपरिवेक्षण समितिको सक्रियता, सेवाकेन्द्र व्यवस्थापनसहित विभिन्न उपसमितिका साथीहरू, श्रद्धेय सल्लाहकारज्यूहरूसहित यहाँहरूको उपस्थिति र सक्रिय सहभागिताका लागि हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछौँ । धन्यवाद ।

सञ्चालक समिति

सबैको बचत तथा ऋण सहकारी संस्था लिमिटेड

तिलोत्तमा ५ मणिग्राम, रुपन्देही

सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन तथा ०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम

श्रद्धेय सेयर सदस्यज्यूहरु,

यस पाँचौ वार्षिक साधारण सभामा उपस्थित यहाँहरू सबैमा हार्दिक स्वागत अभिवादन ! यस संस्थालाई व्यवस्थित, स्तरीय तथा दिगो वित्तीय सहकारी संस्था बनाउने संकल्पका साथ संस्था स्थापनाको ३०औँवर्ष तथा बृहद एकीकरणको ५औँवर्षमा हामी यस साधारण सभामा सहभागी भएका छौँ । संस्थाबाट सदस्यलाई स्तरीय सेवा र लाभ प्रदान गर्न पहिलो सर्त संस्था व्यवस्थित, गुणस्तरीय र दिगो हुनु हो । आगामी चारवर्ष हामी यही लक्ष्यमा केन्द्रित रहेर क्रियाशील रहनेछौँ ।

ध्येय (Mission)

"सहकारी सिद्धान्तहरूमा आधारित वित्तीय एवम् गैरवित्तीय सेवाहरूमार्फत सदस्यहरूको सामाजिक-आर्थिकस्तरमा सुधार ल्याउने ।"

परिकल्पना (VISION)

"व्यवस्थित, गुणस्तरीय एवं दिगो वित्तीय सहकारी संस्था"

संस्थागत नारा (Corporate Slogan)

"व्यवस्थित सहकारी : स्तरीय संस्था"

१. प्रगतिको समीक्षा :

१.१. सदस्यता तथा वित्तीय अवस्था

*१.१.१. **सदस्यता :*** आर्थिक वर्ष २०८२/२०८३ मा कुल ७९३ जना सदस्य संस्थामा नयाँ सदस्यको रूपमा आउनु भएको छ । बसाइ-सराइ, लामो समय देखि निस्कृय सदस्यलाई विदा गर्ने नीति तथा मृत्युका कारण सो अवधिमा २९५ सदस्य संस्थाबाट बहिर्गमित हुनु भएको छ । सो आर्थिक वर्षको पहिलो दिन ८०४४ सदस्य रहेकोमा अन्तमा ८५४२ जना सदस्य हामी रहेका छौँ । आर्थिक वर्ष २०८२/२०८३ मा सदस्यता वृद्धि दर ६.२० प्रतिशत रहेकोछ ।

*१.१.२. **सेयर पुँजी :*** आर्थिक वर्ष २०८१/२०८२ मा सेयर पुँजी रु. १०,४८,८०,०००।०० रहेकोमा आर्थिक वर्ष २०८२/२०८३ मा रु. ११,८१,११,०००।०० रहेको छ । यस अवधिमा सेयर रकममा १२.६२ प्रतिशतलेवृद्धि भएको छ । सो अवधिमा संस्थाको कुल पुँजीमा ८.४२ प्रतिशत र बचतमा १०.४० प्रतिशत सेयर रकमको हिस्सा रहेकोछ ।

*१.१.३. **जगेडाकोष :*** आर्थिक वर्ष २०८१/२०८२ मा जगेडाकोष रु.३,९६,३७,३२४.६६ रहेकोमा विभिन्न कोषमा खर्च नभई रहेको रकमबाट सारेको रु. १६,५३,०९८.०७ र कारोबारबाट नियमानुसार सारेको रकम रु. ४२,१८,४००.१८ गरी सो अवधिको अन्तमा जगेडा कोष रु. ४,५५,०८,८२६.५४ रहेकोछ । वित्तीय

सहकारीको प्रचलित मान्यता अनुसार कुल पुँजीको न्यूनतम ५ प्रतिशत जगेडा कोष हुनुपर्नेमा यस संस्थाको अवस्था तुलनात्मक रूपमा कमजोर रहेकोछ।

१.१.४. ***कुल आम्दानी :*** बैंक ब्याजको घट्दो क्रम र लगानीका लागि क्षमताअनुसारको माग नबढेको र पाउनु पर्ने ब्याज प्राप्त नभएकाले आर्थिक वर्ष२०८२/२०८३ मा कुल आम्दानी रु. १०,२९,७५,१०६.०० भएको छ। यो रकम आर्थिक वर्ष २०८२/२०८३ को अनुमानित आम्दानीको ७५ प्रतिशत रहेकोछ।

१.१.५. ***कुल खर्च :*** संस्थाबाट आर्थिक वर्ष२०८२/२०८३ मा वित्तीय, सञ्चालन तथा ऋण जोखिमखर्च रु. ८,५०,३१,२२३.०० खर्च भएको छ। यो रकम पनि आर्थिक वर्ष २०८२/२०८३ को अनुमानित खर्चको ७६ प्रतिशत रहेकोछ।

१.१.६. ***वासलात :*** आर्थिक वर्ष २०८१/२०८२ मा संस्थाको कुल वासलात रु. १,३०,२३,४७,३९९.० रहेकोमा आर्थिक वर्ष २०८२/२०८३ मा रु.१,४०,२९,३८,१३१.०० रहेको छ। आर्थिक वर्ष २०८२/२०८३ मा वासलातवृद्धि दर ७.७२ प्रतिशत रहेकोछ।

१.२. ***गैर वित्तीय कार्यक्रमको समीक्षा***

१.२.१. ***विस्तारित मञ्च कार्यक्रम :*** सदस्यलाई संस्थाको वर्तमान अवस्था, भावी कार्यक्रमको जानकारी दिने तथा संस्था सञ्चालनमा सदस्यको सुझाव लिने कार्यका लागि आर्थिक वर्ष २०८२/२०८३ मा १० वटा विस्तारित मञ्च कार्यक्रम आयोजना गरिएका थिए। उक्त कार्यक्रममा कुल २२५४ जना सदस्यहरूको सहभागिता रहेको थियो। यस कार्यक्रमले सदस्यहरूमा संस्थाप्रति रहेका जिज्ञासाहरू मेटाइएका थिए भने संस्था सञ्चालनमा सदस्यको सुझाव संकलन गरिएको थियो।

१.२.२. ***शिक्षा तथा तालिम :*** आर्थिक वर्ष २०८२/२०८३ मा संस्थाको कार्यक्षेत्रमा रहेका विभिन्न आमासमूहहरूसँग मिलेर ११ वटा वित्तीय एवं प्रविधि साक्षरता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। यसमा ३४ वटा आमा समूहका कुल ६४९ जना महिलाहरू सहभागी हुनुभएको थियो।

१.२.३. ***सम्भावित उम्मेदवार क्षमता विकास तालिम :*** आर्थिक वर्ष२०८२/२०८३ मा संस्थाको निर्वाचनसहितको साधारण सभा भएकाले सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा उम्मेदवार बन्न चाहने सदस्यले अनिवार्य रूपमा सहभागी हुनुपर्ने गरी २ दिने तालिम आयोजना गरिएको थियो। तालिममा १०४ सदस्यको सहभागिता रहेको थियो। यस तालिममा संस्थाका सञ्चालकहरूको काम कर्तव्य र अधिकार तथा सहकारीसम्बन्धीकानुनी व्यवस्थाका बारेमा प्रशिक्षण दिइएको थियो।

१.२.४. ***मानव संसाधान क्षमता विकास :*** संस्थाको जनशक्ति निरन्तर प्रशिक्षित गर्ने र क्षमता विकास गरी स्तरीय सेवा प्रदान गर्ने नीतिअनुरूप संस्थाले आफ्नै आयोजनामा ३ वटा क्षमता विकासका तालिम र विभिन्न संघहरूले आयोजना गरेका ८ वटा तालिमहरूमा सहभागी गराई प्रशिक्षित गराइएको छ।

१.२.५. ***जेष्ठ सदस्यहरूसँग सहकारी :*** संस्थामा आबद्ध भएका जेष्ठ सदस्यहरूलाई सम्मान गर्दै १ दिने भ्रमण कार्यक्रम आयोजना गरिएको थियो। ७५ वर्षपुगेका जेष्ठ सदस्यहरूलाई हरेक वर्षसम्मान र उहाँहरूका लागि भ्रमण कार्यक्रम आयोजना गरिन्छ।

१.३. उपसमितिहरूको विवरण

१.३.१. उपसमितिहरू र संख्या :

क्र.स	उप समितिको नाम	सख्या
१	ऋण लगानी, असुली तथा अनुगमन	३ जना
२	धितो मूल्यांकन	३ जना
३	शिक्षा	३ जना
४	महिला उद्यम उत्प्रेरणा	३ जना
५	सेवाकेन्द्र व्यवस्थापन ८ वटा सेवाकेन्द्रमा ३ जनाका दरले	२४ जना
६	महिला उद्यम उत्प्रेरणा ८ वटा सेवाकेन्द्रमा ३ जनाका दरले	२४ जना
७	पदपूर्ति	३ जना

२. संस्थाको सदस्यता तथा आबद्धता

२.१ सदस्यता

- राष्ट्रिय सहकारी नियमन प्रधिकरण
- कर्जा सूचना केन्द्र

२.२. हाम्रो संस्था निम्न संस्थाहरूमा आबद्ध रहेको छ :

- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन), काठमाडौँ
- राष्ट्रिय सहकारी बैंक, काठमाडौँ
- प्रदेश बचत तथा ऋण सहकारी संघ लि. लुम्बिनी प्रदेश, रूपन्देही (प्रोस्कुन, लुम्बिनी)
- लुम्बिनी विशिष्टीकृत सहकारी संघ लि. लुम्बिनी प्रदेश, रूपन्देही (लुस्कुन)
- जिल्ला सहकारी संघ लि., रूपन्देही
- जिल्ला बचत तथा ऋण सहकारी संघ लि., रूपन्देही

२.३. प्रतिनिधित्व एवं नेतृत्व :

यस संस्थाबाट प्रतिनिधित्व गर्ने विज्ञ परामर्शदाता श्री कृष्णप्रसाद नेपाल लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को अध्यक्ष पदमा नेतृत्व गर्नुभएको छ भने संस्थाका निवर्तमान सचिव एवं सल्लाहकार श्री देवानन्द पाण्डेय जिल्ला सहकारी संघ लि. रूपन्देहीको सञ्चालक रहनुभएको छ।

३. निर्णयहरू कार्यान्वयनको अवस्था :

३.१. साधारण सभाका निर्णयहरूको कार्यान्वयनको अवस्था : गत साधारण सभाले पेस गरेका निर्णयहरू

३.१.१. गत साधारण सभाको निर्णयबमोजिम विनियम संशोधनको कार्य सम्पन्न भएकोछ। सहकारी दर्ता अधिकारीको कार्यालयबाट विनियम संशोधनको स्वीकृति प्राप्त भई कार्यान्वयन भएको छ।

३.१.२. संस्थाका कार्यविधिहरू संशोधन भएअनुसार लागु भएको छ,

३.१.३. संस्था एकीकरण सम्बन्धमा निर्णय भएकोमा एकीकरण हुने भनिएको सहकारीको वित्तीय पक्षको मसिनो गरी लेखाजोखा गर्दा भाखा नाघेको ऋणको अवस्था सुधार नगरी एकीकरण गर्दा करिव १ करोड रूपैया सोही आ.व.मा ऋण जोखिम कोषमा थप गर्नुपर्ने देखिएको र उक्त संस्थाले सो व्यवस्था नगरेको हुँदा भाखा नाघेको ऋण असुल गर्न वा नियमित गर्न अनुरोध गरिएकोमा उक्त संस्थाबाट सो सम्बन्धमा उपयुक्त पहल हुन नसकेकोले एकीकरण गर्न नसकिएको।

३.१.४.अचल सम्पत्ति बिक्री वा सट्टापट्टाको कार्य हुन सकेको छैन।

३.१.५.संस्थाको सेयर रकम थप गर्ने सम्बन्धमा भएको निर्णयअनुसार करिब १ करोड रूपैया सेयर रकम थप गरिएको। यस अनुसार गत साधारण सभाका निर्णयहरू सामान्यतया कार्यान्वयन गरिएको छ।

३.२. सञ्चालक समितिको निर्णय र कार्यान्वयन :

३.२.१.सञ्चालक समितिमा सबै निर्णयहरू सर्वसम्मत गर्ने गरिएको, तर फरक मतकालागि पनि स्थान रहन्छ।

३.२.२.सञ्चालक समितिमा अन्य सामयिक प्रस्तावहरूसहित निम्न प्रस्तावमा हरेक मासिक बैठकमा नियमित छलफल र निर्णय गर्ने गरिएको :

१) पूर्व निर्णयको समीक्षा।
२) मासिक कार्य प्रगति जानकारी सम्बन्धमा।
३) सेवाकेन्द्रको रिपोर्टिङ र कारोबारको अवस्था।
४) वार्षिक प्रगति विवरण जानकारी सम्बन्धमा।
५) नयाँ सदस्यता प्रवेश तथा फिर्ता अनुमोदन सम्बन्धमा।
६) ऋण लगानी अनुमोदन स्वीकृत सम्बन्धमा।

३.२.३.सञ्चालक समितिले गरेका निर्णयहरू सामान्यतया सबै कार्यान्वयन गरिएकोछ।

३.२.४. सञ्चालक समितिको बैठक र उपस्थिति : आ.व. २०८२/०८३ को कार्तिक २२ गते भएको चौथौ वार्षिक साधारण सभामा नयाँ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको चयन भएको थियो। उक्त मितिदेखि असार मसान्तसम्म सञ्चालक समितिको ९ पटक बैठक बसेको र बैठकमा औसत उपस्थिति ९४ प्रतिशत रहेको छ। नयाँ निर्वाचित सञ्चालक समिति पदाधिकारी सदस्यहरूको बैठकमा उपस्थिति यसप्रकार रहेकोछ।

क्र.सं.	नाम	पद	उपस्थिति (पटक)
१	श्री भरतराज भूसाल	अध्यक्ष	९
२	श्री सुक बहादुर नेपाली	उपाध्यक्ष	९
३	श्री हिमकला ओस्ती अधिकारी	सचिव	८
४	श्री टिकाराम न्यौपाने	कोषाध्यक्ष	९
५	श्री विष्णुप्रसाद पाण्डेय	सदस्य	८
६	श्री चन्द्रकुमारी थापा	सदस्य	९
७	श्री ईश्वरीप्रसाद पाण्डे	सदस्य	८
८	श्री शारदा खत्री क्षेत्री	सदस्य	८
९	श्री भगवती भट्टराई	सदस्य	८

३.३. लेखा सुपरिवेक्षण समितिको बैठक

३.३.१.लेखा सुपरिवेक्षण समितिको बैठक संख्या र निर्णयहरू : बैठक संख्या ५ वटा निर्णय संख्या ५ वटा,

३.३.२.लेखा सुपरिवेक्षण समितिले हरेक त्रिमासमा मुख्य कार्यालयसहित सबै सेवा केन्द्रको अनुगमन सुपरिवेक्षण गर्ने गरेको,

३.३.३. लेखा सुपरिवेक्षण समितिले त्रैमासिक रूपमा दिने प्रतिवेदन उपर सञ्चालक समितिमा दफावार छलफल गर्ने प्रचलन रहेको,

३.३.४. लेखा सुपरिवेक्षण समितिको जिज्ञासा, सुझाव र निर्देशनहरूलाई सम्बन्धित कर्मचारी र व्यवस्थापकको स्पष्टीकरणसहित सञ्चालक समितिको बैठकमा दफावार छलफल गरी सोको जवाफ उल्लेख गर्ने र त्यस्ता विषयमा आगामी दिनमा ध्यान दिन व्यवस्थापनलाई निर्देशन दिने गरेको ।

४. संस्थाको प्रशासनिक तथा मानव संसाधन

संस्थाले मुख्य कार्यालय र ८ वटा सेवा केन्द्रबाट सेवा दिएकोछ । विगतमा १२ वटा कार्यालय रहेकोमा हाल९ वटा कार्यालय रहेका छन् । गत असार मसान्तसम्म संस्थामा २३ जना कर्मचारीहरूबाट सेवा प्रवाह भइरहेको छ । विभिन्न समयमा कर्मचारीहरूको क्षमता र दक्षता अभिवृद्धि गर्न प्रशिक्षण, तालिमहरूमा सहभागी गराई तदनुरूप कर्मचारीहरूलाई दक्षता र कार्यकुशलताका हिसाबले विभागीय जिम्मेवारी प्रदान गरिएको छ ।

५. संस्थागत विकासका कार्यमा आ.व. २०८२/०८३ मा संस्थाले गरेका क्रियाकलापहरू यसप्रकार छन् :

५.१ खुला र पारदर्शिता : संस्थाको वित्तीय अवस्थाका बारेमा सदस्यहरूलाई जानकारी होस् भन्ने उद्देश्यले मासिक रूपमा वित्तीय विवरण, सामयिक सूचनाहरू तथा संस्थाका श्वेत पत्रहरू संस्थाको आधिकारिक वेभ साइट www.sabaikosaccos.com, फेसबुक पेज sabaiko saccos संस्थाका सूचनापाटीहरूबाट सार्वजनिक गर्ने गरिएकोछ । संस्थाले आयोजना गर्ने विस्तारित मञ्च तथा सहकारी शिक्षा कार्यक्रममा समेत सदस्यहरूलाई जानकारी दिने गरिएको छ ।

५.२ आन्तरिक नियमन र नियन्त्रण : हाल संस्थाको मुख्य कार्यालय १ वटा र ८ वटा सेवाकेन्द्रहरू रहेका छन् । मुख्य कार्यालय सहित सबै सेवाकेन्द्रहरूको लेखा सुपरिवेक्षण समिति तथा बाह्य लेखा परीक्षक मार्फत समयसमयमा अलग-अलग परीक्षण भई नियमन तथा नियन्त्रण भइरहेको छ ।

५.३ ब्याजदर निर्धारण तथा संशोधन : अर्थबजारमा ब्याजका दरहरूमा परिवर्तन भइरहन्छन् । संस्थाले पनि समयसमयमा ब्याजदर परिवर्तन गर्ने गरेको छ । यस्तो परिवर्तनको जानकारी संस्थाका सूचनापाटी, वेभसाइट र फेसबुक पेजमा निरन्तर अद्यावधिक गर्ने गरिएको छ ।

५.४ कार्यविधि तथा नीतिहरू थप गर्ने तथा संशोधन : हाल संस्थामा २१ वटा नीति, कार्यविधिहरू कार्यान्वयनमा रहेका छन् । कार्यविधितथा निर्देशिका सामयिक संशोधन गरी साधारण सभामा प्रस्तुत भई स्वीकृत भएपछि लागु गर्ने गरिएको छ ।

५.५ सम्पत्ति शुद्धीकरण निवारण ऐनको परिपालना र कार्यान्वयनको अवस्था : सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ (संशोधन २०८३) को परिपालनामा संस्थाले नियमित रूपमा गरिरहेकोछ ।

- सदस्यहरुको पहिचान, सदस्यहरुको जोखिमस्तर पहिचान (सिमा भन्दा बढिको कारोवार गर्ने सदस्य, उच्च पदस्थ सदस्यहरु, पेशागत रुपमा उच्च जोखिम ठानीने सदस्यहरु) को अध्यावधिक विवरण राख्ने गरेको छ ।
- जोखिम मुल्यांकन, सिमा कारोवारको नियमित प्रतिवेदन र नियमानुसार सम्बन्धीत निकायमा पठाउनुपर्ने प्रतिवेदनहरु नियमित रुपमा पठाइरहेको छ ।
- सम्पत्ति शुद्धीकरण निवारण ऐनको परिपालनामा संस्थाले गर्नु पर्ने कार्यकालागि कार्यविधि समेत बनाइ लागु गरिएको छ ।
- सम्पत्ति शुद्धीकरण निवारण ऐनको परिपालनामा सञ्चालक समितिले चौमासिक रुपमा समिक्षा गर्ने, संस्थाले नियमित प्रतिवेदन तथा अन्य कार्यका लागि कार्यान्वयन अधिकारी तोकि जिम्मेवारी दिने कार्य गरेकोछ ।
- संस्थामा हाल सम्म यस कार्यका लागि नियामक निकायबाट कुनै अतिरिक्त जानकारी वा प्रष्टिकरण मागेको वा कुनै विशेष निर्देशन दिएको छैन ।

६. शोक अनुदान तथा बिमा रकम वितरण

सेयर सदस्यको निधनपछि काजकिरिया अनुदानस्वरूप हकवालालाई रु. २१,०००।- प्रदान गरिँदै आइएको छ भने सदस्यहरूको दुर्घटना भई मृत्यु भएमा रु. २,००,०००।- रकम हकवालालाई उपलब्ध गराइएको छ। आ.व. २०८२/०८३ मा संस्थाका २२ जना सेयर सदस्यको निधन भएकाले २१ जना सदस्यहरूको हकवालालाई रु.२१,०००।- का दरले शोक अनुदान रकम उपलब्ध गराइएको थियो भने दुर्घटना भई मृत्यु हुनुभएका १ जना सदस्यको घर परिवारलाई रु. २,००,०००।- बिमा रकम उपलब्ध गराइएको थियो।

७. कर भुक्तानीमा योगदान

आ.व. २०८२/०८३ को कारोबार तथा सो अवधिमा विभिन्न सेवा लिए दिए वापत संस्थाको तर्फबाट रु. ६४,६४,१३५।०० विभिन्न शीर्षकहरूमा निम्नानुसार कर, दस्तुर सरकारी निकायमा भुक्तानी भएको वा गर्नु पर्नेछ।

क्र.सं.	विवरण	रकम रु.
१	आय कर	१८,७४,२१६।००
२	ब्याज कर	३४,०८,०२८।००
३	सेयर लाभांश वितरणमा लाग्ने कर	३,०६,४१४।००
४	साधारण सभा खाजा खर्च वापत कर	४,७९,८०९।००
५	संरक्षित पुँजीफिर्ता कोष वितरण कर	१५,८१९।००
६	बैठक भत्ता कर	१,२२,३०४।००
७	स्रोतमा कर कट्टी	३३,८४२।००
८	सामाजिक सुरक्षा कर	६३,४६०।००
९	घर बहाल कर	९६,९६७।००
१०	सहकारी प्रवर्द्धन कोष	६३,२७६।००

आदरणीय सेयर सदस्यज्यूहरू,

यस आर्थिक वर्षदेखि लागु हुने गरी संस्थाको चारबर्से रणनीतिक व्यावसायिक योजना तर्जुमा गरी कार्यारम्भ गरिएको छ। संस्थाका सबै वित्तीय एवं गैर वित्तीय क्रियाकलापहरू सोही रणनीतिक योजनाको लक्ष्यतर्फ उन्मुख रहेकाछन्। सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारहरू तथा उपसमिति एवं संस्थाका कर्मचारीहरू समेतको संयुक्त गोष्ठीले तय गरेको ध्येय : "**सहकारी सिद्धान्तहरूमा आधारित वित्तीय एवम् गैरवित्तीय सेवाहरूमार्फत सदस्यहरूको सामाजिक-आर्थिकस्तरमा सुधार ल्याउने।**" एवं परिकल्पना : "**व्यवस्थित, गुणस्तरीय एवं दिगो वित्तीय सहकारी संस्था**" रहेकोछ।

१. ***४ बर्से व्यावसायिक रणनीतिक योजना :*** संस्थालाई गुणस्तरीय र दिगो बनाउँदा मात्र संस्थाबाट दिगो एवं स्तरीय सेवा प्राप्त गर्न सकिन्छ। तोकिएको लक्ष्य, हरेक निकाय एवं पदाधिकारीहरूका परिभाषित काम, कर्तव्य र अधिकार, सामुहिक निर्णय, निर्णयको कार्यान्वयन, अर्काको जिम्मेवारीमा गैर दखलअन्दाजी तथा परिभाषित जिम्मेवारीको उत्साह एवं अग्रसकृयात्मक कार्यान्वयनले संस्थालाई व्यवस्थित बनाउनेछ। यी विषयवस्तु एवं क्षेत्र समावेश गरेर चारबर्से रणनीतिक व्यावसायिक योजना तर्जुमा गरिएको छ जसको मुख्य सार यसअनुसार रहेको छ।

क्र.स.	पुँजी तथा दायित्व विवरण	आ.व.२०८२/०८३ आधार वर्ष	आ.व.२०८३/०८४	आ.व.२०८४/०८५	आ.व. २०८५/८६	आ.व. २०८६/८७
१	सेयर पुँजी	११८,१११,०००.००	१२८,३५०,०००.००	१४१,१००,०००.००	१५४,७००,०००.००	१७०,०००,०००.००
२	जगेडा कोष	४५,५०८,८२७.००	५२,८५०,०००.००	६२,२५०,०००.००	७२,८००,०००.००	१००,०००,०००.००
३	अन्य कोषहरू	३१११०४४०.००	३५,९६०,०००.००	४४,१७०,०००.००	५४,८५०,०००.००	६१,०००,०००.००
४	बचत/निक्षेप	१,१३६,७१६,४८२.००	१,२१४,७९५,०००.००	१,३२८,०००,०००.००	१,४४९,६३०,०००.००	१,५७४,०००,०००.००
५	**चालुदायित्व**					
क	अन्य दायित्व	२२,४९१,३८२.००	२२,०४५,०००.००	२०,९८०,०००.००	१६,५२०,०००.००	१५,०००,०००.००
ख	ऋण जोखिम कोष	४९०००००.००	५६,०००,०००.००	६३,५००,०००.००	७१,५००,०००.००	८०,०००,०००.००
	जम्मा	**१,४०२,९३८,१३०.००**	**१,५१०,०००,०००.००**	**१,६६०,०००,०००.००**	**१,८२०,०००,०००.००**	**२,०००,०००,०००.००**

क्र.स.	सम्पत्ति	आ.व.२०८२/०८३ आधार वर्ष	आ.व.२०८३/०८४	आ.व.२०८४/०८५	आ.व. २०८५/८६	आ.व. २०८६/८७
१	नगद तथा बैंक	३२३००४९९३.००	३४८,०९०,०००.००	३१५,४००,०००.००	३२७,६००,०००.००	३४०,०००,०००.००
२	वित्तीय लगानी	७,७०८,६८३.००	९,०६०,०००.००	९,१३०,०००.००	९,१००,०००.००	१०,०००,०००.००
३	ऋण लगानी	१,००७,०६५,०००.००	१,१००,०००,०००.००	१,२७८,२००,०००.००	१,४१९,६००,०००.००	१,५८३,०००,०००.००
४	पा.प. अन्य हिसाब	१७,०२९,४१६.००	१८,८७५,०००.००	१९,९२०,०००.००	२२,७५०,०००.००	२३,०००,०००.००
५	स्थिर सम्पत्ति	२९,४६६,०४०.००	३३,९७५,०००.००	३७,३५०,०००.००	४०,९५०,०००.००	४४,०००,०००.००
६	अन्य सम्पत्ति (एन.एफ.आर.एस. समायोजन)	१८,६६३,९९९.००	-	-	-	-
	जम्मा	**१,४०२,९३८,१३०.००**	**१,५१०,०००,०००.००**	**१,६६०,०००,०००.००**	**१,८२०,०००,०००.००**	**२,०००,०००,०००.००**
	सेयर सदस्य	**८,५४२.००**	**९,४३५.००**	**१०,२९०.००**	**११,१४५.००**	**१२,०००.००**
	बाल बचत कर्ता	**५८१.००**	**६८६.००**	**७९१.००**	**८९६.००**	**१०००.००**

संस्थाको तपसिलका चार बर्से उद्देश्य परिपूर्तिका लागि सोही उद्देश्यमा आधारित रहेर नै वार्षिक वित्तीय एवं गैर वित्तीय गतिविधिहरू सञ्चालित हुनेछन् ।

क. सदस्यहरूलाई गुणस्तरीय सेवा प्रदान गरी सामाजिक-आर्थिकस्तरमा सुधार ल्याउने

१. सदस्यता वृद्धि र व्यवस्थापन गरी संस्थामा सदस्यको पहुँच वृद्धि गर्ने ।

२. सदस्यहरूलाई उत्कृष्ट सेवा प्रदान गरी वस्तु तथा सेवाको विकासद्वारा सेवा प्रदान गर्ने ।

३. सदस्यसँगको दिगो सम्बन्धको विकास गर्न कार्यक्रम सञ्चालन गर्ने ।

४. सदस्यलाई लाभ तथा सदस्य सुरक्षाका कार्यक्रम सञ्चालन गरी सुविधा प्रदान गर्ने ।

५. सदस्यहरूलाई शिक्षा तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरी ज्ञान प्रदान गर्ने ।
६. सदस्यहरूमा उद्यमसिलताको विकासको लागि सीप विकासका कार्यक्रम सञ्चालन गर्ने,
७. सदस्यहरूलाई उद्यम तथा आयआर्जनमा जोडि रोजगार प्रदान गर्ने ।
८. सदस्यहरूको लागि सूचना, सदस्यहरूबारे ज्ञान, गुनासो सुनुवाइ, मूल्यांकन तथा सर्वेक्षण गरी सदस्य सन्तुष्टिमा वृद्धि गर्ने ।
९. सदस्यहरूलाई प्रविधिद्वारा सेवा प्रदान गरी तथा प्राविधिक क्षमताको विकास गर्ने ।
१०. असल सदस्यहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरी उत्प्रेरणा जागृत गर्ने ।

ख. संस्थालाई विधिसम्मत ढङ्गले सञ्चालन गरी व्यवस्थित बनाउने

१. संस्थालाई प्रभावकारी ढङ्गले सञ्चालन तथा विधिसम्मत ढङ्गले सञ्चालन गरी व्यवस्थित बनाउने ।
२. संस्थालाई सहकारी सिद्धान्त अनुसार सञ्चालन गर्दै सुशासन तथा अनुपालनप्रति प्रतिबद्ध हुने ।
३. संस्थामा आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक सूचना प्रणालीको विकास गर्दै सुशासित बनाउने ।
४. संस्थाको जोखिम व्यवस्थापन गरी गुणस्तरीयतामा सुनिश्चतता कायम गर्ने ।
५. संस्थामा भुक्तानी तथा वित्तीय प्रणालीको विकास गरी व्यवस्थित बनाउने ।
६. संस्थाका वस्तु तथा सेवाको मूल्य निर्धारण वैज्ञानिक ढङ्गले गरी संस्थालाई प्रतिस्पर्धी बनाउने ।
७. संस्था सञ्चालनमा व्यवसायिकताको बिकास गरीविकेन्द्रित कार्यप्रणाली अवलम्बन गर्ने
८. संस्थागत अभिलेखहरूको व्यवस्थापन र विकास गरी व्यवस्थित बनाउने ।
९. उत्पादन तथा सेवाको प्रस्तुतीकरण तथा प्रतीकीकरणको विकास गरी संस्थाको छवि उच्च राख्ने ।
१०. विभिन्न संघ तथा संस्थासँग साझेदारी तथा सहकार्य गर्दै सामाजिक उत्तरदायित्व पूरा गर्ने ।

ग. संस्थाको संगठनात्मक तथा मानव स्रोत क्षमताको विकास गरी सुदृढ बनाउने

१. संस्थाको भौतिक तथा प्रविधिगत सम्पत्तिको व्यवस्थापन गरी संस्थाको आन्तरिक क्षमताको विकास गर्ने ।
२. स्थिर सम्पत्तिको सुरक्षा, लेखाङ्कन तथा अभिलेखन गरी संस्थालाई व्यवस्थित बनाउने ।
३. सञ्चालकको भूमिका तथा दायित्व सुनिश्चत गरी क्षमताको विकास गर्दै उत्तराधिकारी योजना समेत निर्माण गर्ने ।
४. सञ्चालकमा सुशासन कायम गर्दै बैठक सञ्चालन तथा स्वमूल्याङ्कन गरी उत्तरदायित्वबोध गराउने
५. कर्मचारी व्यवस्थापन, कार्य ढाँचाको विकास तथा जिम्मेवारी प्रदान गरी चुस्तदुरुस्त बनाउने ।
६. कर्मचारीहरूको उत्पादकत्व वृद्धि कार्य क्षमताको विकास गर्ने ।
७. कर्मचारीहरूको सेवा सुविधा तथा वृत्ति विकास गरी सन्तुष्ट बनाउने ।
८. कर्मचारीहरूको पेसागत दक्षताको विकास गरी व्यावसायिक बनाउने ।
९. कर्मचारीहरूको सन्तुष्टि मापन, सरसफाइ मूल्याङ्कन गरी संस्थाप्रति उत्तरदायी बनाउने ।
१०. कर्मचारीको कार्यविवरण तथा कार्यसम्पादन मापन गरी जवाफदेही बनाउने ।

घ. संस्थालाई वित्तीयरूपमा सक्षम, सुरक्षित तथा स्वस्थ राखी दिगो बनाउने

१. वित्तीय सूचकाङ्कको स्तर निर्धारण गरी संस्थालाई स्तरीय बनाउने ।
२. सेयर पुँजी वृद्धि र व्यवस्थापन गरी दीर्घकालीन पुँजीको विकास गर्ने ।
३. संस्थागत पुँजी वृद्धि र कोष व्यवस्थापन गरी आन्तरिक स्थायी पुँजीको विकास गर्ने ।

४. बचत/निक्षेपमा वृद्धि तथा व्यवस्थापन गरी आन्तरिक स्थायी तथा लागतरहित पुँजीमा आत्मनिर्भर बन्ने ।

५. संस्थामा तरलता व्यवस्थापन गरी भुक्तानी क्षमताको सुनिश्चत गर्ने ।

६. व्यवस्थित ऋण लगानी, असुली, भाखा नाघेको ऋणको नियन्त्रण तथा सुरक्षण गरी व्यवसायको शुद्धीकरण गर्ने ।

७. नकमाउने सम्पत्ति व्यवस्थापन गरी कमाउने सम्पत्तिमा वृद्धि गर्ने ।

८. कुल सम्पत्तिमा वृद्धि गरीवित्तीय सक्षमताको सुनिश्चत गर्ने ।

९. संस्थाको आयव्ययको व्यवस्थापन तथा खर्च नियन्त्रण गरी नाफा दरमा वृद्धिगर्ने।

१०. वित्तीय दिगोपन र गुणस्तर सुनिश्चित गरी दिगो संस्था बनाउने ।

२. आ.व. २०८३/०८४ का लागि वार्षिक कार्यक्रमहरू :

यस आर्थिक वार्षमा संस्थालाई अझ सुदृढ र मजबुत बनाइराख्नका लागि सञ्चालक, कर्मचारी तथा सदस्यहरूलाई आवश्यकता महसुस गरी उपयुक्त हुने तालिम, शिक्षा तथा विस्तारित मञ्चका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

२.१. ***सदस्य सेवा क्रियाकलापः*** अन्तर्गत विस्तारित मञ्च, सदस्यता शिक्षा, वित्तीय साक्षरता, सिपमूलक तालिम, उद्यमशीलता अभिमुखीकरण तथा साझेदारी र स्वास्थ्य शिविर गरी २।२ वटा कार्यक्रम आयोजना गर्ने लक्ष्य राखिएकोछ ।

२.२. ***कर्मचारीहरूको क्षमता विकास क्रियाकलापः*** ऋण व्यवस्थापन, लेखा व्यवस्थापन, नगद फाँटमा बस्ने कर्मचारी तालिम, समग्र कर्मचारी क्षमता विकास तालिम (विषयगत), बजार प्रतिनिधिहरूको क्षमता विकास तालिममा सहभागिता, उच्च व्यवस्थापनको विषयगत तालिम आयोजना एवं सहभागिता गराइनेछ ।

२.३. ***सञ्चालक/लेखा/उप समितिहरूको क्षमता विकासका लागिः*** सञ्चालक/लेखा समिति/उपसमितिको क्षमता विकास कार्यक्रम आदि आयोजना गरिनेछ ।

२.४. ***सामाजिक क्रियाकलाप :*** संस्थाको सामाजिक क्रियाकलापहरूमा यो वर्षसाझेदारीमा ३ वटा रक्तदान कार्यक्रम, स्वास्थ्य शिविर र अन्य सामाजिक कार्यक्रम आयोजना गरी सहभागी भइने छ ।

३. जोखिम मूल्याङ्कन तथा व्यवस्थापनका रणनीति तर्जुमा र कार्यान्वयन गर्न उपसमिति गठन :

सम्भावित बाह्य जोखिम, आन्तरिक तथा वित्तीय जोखिमहरूको पहिचान गरीत्यसको व्यवस्थापन गर्न यस वर्षदेखि जोखिम मूल्याङ्कन तथा व्यवस्थापनका रणनीति तर्जुमा र कार्यान्वयन गर्न उपसमिति गठन गरी कार्य गरिने छ ।त्यसैगरी संस्थाको दिगोपनको लागि वित्तीय सूचकहरू निर्धारण गरी त्यसको नियमित मूल्यांकन गर्ने प्रणाली सुरु गरिनेछ ।

४. नीतिनियम निर्माण, संशोधन तथा परिमार्जन

हाल संस्थामा रहेका २१ वटा नीति, कार्यविधि तथा निर्देशिकाहरूलाई आवश्यक संशोधन गरी अधिल्लो साधारण सभाबाट पारित गरी लागु गरिएको तपसिलका कार्यविधिहरूअनुमोदन तथा पारितका लागि निर्णयार्थ पेस गरेकाछौं :

- सम्मान तथा पुरस्कार कार्यविधि २०८३
- ऋण लगानी कार्यविधिमा संशोधन गरी सदस्यहरूले आवासीय घर निर्माण गर्दा घरको समेत मूल्यांकन हुने गरी किस्ताबन्दीमा ऋण उपलब्ध गराउने र सोको अवधि १५ को हुने गरी संशोधन गर्ने,
- स्वरोजगार उद्यमी सहुलियत ऋण लगानी कार्यविधिमा संशोधन गरी ऋण सीमा १५ लाख बनाउने ।

५. मोबाइल बैंकिङ्मार्फत् सूचना प्रविधिको प्रयोग

संस्थाको सेवा सञ्चालनलाई प्रभावकारी, विश्वासिलो, भरपर्दो र समय सापेक्ष बनाउनका लागि सदस्यहरूलाई आफ्नो

खाताको बचत, सेयर तथा ऋणको कारोबार थाहा रहोस् भनेर बचत जम्मा गर्दा रु. ५००।- देखि, बचत फिर्ता गर्दा रु. ५०००।- देखि र ऋणको जतिसुकै कारोबार गर्दा सम्बन्धित सदस्यको मोबाइलमा म्यासेज जाने व्यवस्था गरेका छौं ।

६. सदस्य कल्याण कार्यक्रमहरू:

सहकारी संस्थालाई केवल बचत र ऋणमा मात्र सीमित नगरी यस संस्थामा आबद्ध सबै सेयर सदस्यहरूलाई संस्थाप्रति अपनत्व एवं निकटताको प्रत्यक्ष आभास महसुस गराउनका लागि संस्थाले तपसिल बमोजिमसेवाहरू सञ्चालन गरिआएकोछ :

क) सदस्य दुर्घटना बिमा (मृत्यु भएमा) : रु. २,००,०००।००

ख) शोक अनुदान योजना : रु. २१,०००।००

७. भौतिक पूर्वाधार तथा स्थिर सम्पत्ति

संस्थाको अचल सम्पत्ति व्यवस्थित गर्न उपयुक्त स्थान र मूल्यमा सट्टापट्टा, बिक्री वा खरिद गर्न सकिनेछ। साथै आवश्यकताको आधारमा कार्यालयहरूका लागि उपकरण तथा सामग्रीहरू खरिद गरिनेछ।

८. संस्था एकीकरण सम्बन्धमा :

सहकारी अभियानको सुदृढीकरण र संस्थालाई दिगोरूपमा साकोस एकीकरणको आवश्यकता र महत्त्वलाई मनन गर्दै सञ्चालनमा रहेका सहकारी संस्थालाई संस्थाको वित्तीय स्वस्थता कायम रहने गरी एकीकरणगर्दै लगिने छ।

९. ब्याजदर पुनरवलोकन तथा छुट :

संस्थाले बजारको स्थितिलाई ध्यानमा राखी बचतकर्ता तथा ऋण लिने सदस्यहरूलाई सहज हुने र संस्थागत विकास तथा संवर्धनलाई समेत ध्यानमा राखी समयसमयमा ब्याजदर पुनरवलोकन गरिनेछ। ऋणी सदस्यले बुझाउनुपर्ने ब्याजमा मासिक ब्याज भुक्तानी गर्दा ५% ब्याज छुट दिने व्यवस्था कायमै राखिएको छ

१०. ऋण सदुपयोगिता अनुगमन :

सदस्यहरूको आवश्यकता र तिर्न सक्ने क्षमताका आधारमा ऋण लगानी गरिनेछ। सदस्यहरूले जुन प्रयोजनका लागि ऋण लिनुभएको हो सोही प्रयोजनमा सदुपयोग भएको छ वा छैन यकिन गर्नाका लागि ऋणको सदुपयोगिता अनुगमन गरिनेछ।

११. कर्मचारी नियुक्ति, व्यवस्थापन तथा प्रवर्द्धन

सदस्यहरूलाई सहज तथा छिटो छरितो तरिकाले सेवा प्रदान गर्नाका लागि कर्मचारीहरूलाई आवश्यक तालिमको व्यवस्था गरिने छ। आन्तरिक कर्मचारीबाट पदपूर्ति हुन सक्ने भएमा आन्तरिक प्रतिस्पर्धाको व्यवस्था लागु गरिएको छ, भने बाह्यरूपमा आवेदन माग गरी कर्मचारी नियुक्त गर्नुपर्ने भएमा खुला प्रतिस्पर्धामार्फत् पारदर्शी रूपमा पदपूर्ति उपसमितिबाट छनोट गरिने छ।

१२. इन्टर्नसिपको व्यवस्था

यस आर्थिक वर्षमा पनि सदस्यहरूका एकाघर परिवारका सदस्य सहकारीसम्बन्धी ज्ञान, सिपलिन चाहेमा संस्थाले व्यवस्थापन गर्न सक्ने भएमा ३ महिनाका लागि इन्टर्नसिपको व्यवस्था यथावत राखिएकोछ।

१३. कार्यालय बिदा सम्बन्धमा

गत आर्थिक वर्षमा संस्थाको क्यालेन्डर प्रकाशन भएपछि नेपाल सरकारले आइतबारसमेत बिदा गरेको र कार्य समय बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म गरेकोमा संस्थाले आइतबार मुख्य कार्यालयबाट बढीमा रु. १ लाख सम्मको बचत फिर्ता र सोही अंकको बचत जम्माको सुविधा प्रदान गरेको छ, यसलाई यथावत राख्दै सेवाकेन्द्रहरूमा आइतबार बिदा दिइएकोछ। सदस्यहरूको सुविधालाई ध्यानमा राखी मसान्तको दिन आइतबार परेमा सबै सेवा केन्द्रहरू समेतमा यथावत सबै

सेवा उपलब्ध गराइने छ। अन्य बिदाहरूको हकमा संस्थाको वार्षिक क्यालेन्डरमा तोकिएका बिदा बाहेक अन्य बिदा नरहने हुँदा सो समयमा अन्य कार्यालयहरूमा जानुपर्ने सदस्यहरूलाई उक्त प्रयोजनका लागि सुविधा प्रदान गरिएको छ।

हामी सेयर सदस्यहरूनै यस संस्थाका मालिक हौं। संस्थाका उत्पादन तथा सेवाहरूमा सदस्यको सक्रियता र सहभागितावाना संस्थाले उपलब्धि हासिल गर्न सक्दैन। यसैले संस्थागत एकीकरणको कार्यलाई सफल तुल्याउन सबै सदस्य जसरी एकजुट भएर लाग्यौं उसै गरी प्रस्तावित कार्यक्रमहरूको कार्यान्वयनमा उच्च सहभागिता रहोस्; यही अपेक्षाका साथ प्रस्तावित कार्यक्रममा गहन छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

(धन्यवाद! जय सहकारी! २०८३/०६/१०)

यस संस्थाको आर्थिक बर्ष २०८२/२०८३ मा तपशिल बमोजिमको स्वर्गिय शेयर सदस्यको परिवारलाई शोक अनुदान रकम रु. २१,०००/- प्रदान गरिएको छ ।

क्र.स	नाम	ठेगाना	सेवाकेन्द्र
१.	शिव बस्याल	तिलोत्तमा-६, संगमपथ	मुख्य कार्यालय
२.	रघुनाथ ढकाल	ओमसतिया-१, ठुटेपिपल	मुख्य कार्यालय
३.	दिपक अर्याल	तिलोत्तमा-७, भलवारी	मुख्य कार्यालय
४.	रुक्मागत न्यौपाने	तिलोत्तमा-१७, बरौलिया	भलवारी सेवाकेन्द्र
५.	भगवति श्रेष्ठ	तिलोत्तमा-७, भलवारी	भलवारी सेवाकेन्द्र
६.	राम प्रसाद भट्टराई	तिलोत्तमा-७, भलवारी	भलवारी सेवाकेन्द्र
७.	पदमा गुरुङ	तिलोत्तमा-१३, करौजिया	भलवारी सेवाकेन्द्र
८.	प्रेम बहादुर पुन	तिलोत्तमा-७, भलवारी	भलवारी सेवाकेन्द्र
९.	पदम नाथ थारु	तिलोत्तमा-७, सेमरा	सेमरा सेवाकेन्द्र
१०.	नरमति खाम्चा भन्ने नेवारी कुमारी	तिलोत्तमा-७, सेमरा	सेमरा सेवाकेन्द्र
११.	मनकुमारी सार्की	तिलोत्तमा-७, करहिया	सेमरा सेवाकेन्द्र
१२.	पोषकान्त पाण्डे	तिलोत्तमा-६, गोरकटवा	गोरकटवा सेवाकेन्द्र
१३.	खिम बहादुर गुरुङ	तिलोत्तमा-१, बेलको रुख	शिवचोक सेवाकेन्द्र
१४.	इन्द्रकला पन्थ	तिलोत्तमा-५, प्रेमनगर	शिवचोक सेवाकेन्द्र
१५.	चक्रपाणी भुसाल	तिलोत्तमा-५, प्रेमनगर	शिवचोक सेवाकेन्द्र
१६.	खगिसरा पाण्डे	तिलोत्तमा-४, शंकरनगर	शिवचोक सेवाकेन्द्र
१७.	विनोद कुमार क्षेत्री	तिलोत्तमा-९, ज्ञानोदय मार्ग	नन्दनवन सेवाकेन्द्र
१८.	शुशिला देवि भुसाल	तिलोत्तमा-९, एभरेष्ट पथ	नन्दनवन सेवाकेन्द्र
१९.	डोल बहादुर थापा	तिलोत्तमा-११, कुमारी	शिवपुर सेवाकेन्द
२०.	किशुन राज चौधरी थारु	तिलोत्तमा-१७, जमुहानी	भरवलिया सेवाकेन्द
२१.	जमुना पौडेल	तिलोत्तमा-१३, सेमरा	बासघारी सेवाकेन्द्र

२२. साथै डण्डापानी भुर्तेल, तिलोत्तमा-६, पश्चिम पहुनी (बासघारी सेवाकेन्द्र) का सदस्यको दुर्घटनाबाट मृत्यु भएको हुँदा उहाँको परिवारलाई बिमा स्वरुप नगद रु. २ लाख उपलब्ध गराईएको छ।

सबैको बचत तथा ऋण सहकारी संस्था लिमिटेड

तिलोत्तमा ५ मणिग्राम, रुपन्देही

लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन २०८३

साधारण सभाका सभाध्यक्ष ज्यु,

शेयरधनी महानुभावहरु ।

आर्थिक वर्ष २०८२/०८३ को अवधिमा संस्थाको लेखा, वित्तीय कारोबार, वचत तथा निक्षेप, ऋण लगानी तथा असुली, नगद तथा बैंक कारोबार, सम्पत्ति तथा जिन्सी, बजेट कार्यान्वयन, कर तथा कानूनी अनुपालन र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी उपलब्ध अभिलेख तथा वाह्य लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका कैफियतहरुको अध्ययन गरि यो वार्षिक प्रतिवेदन तयार गरिएको हो।

सहकारी ऐन २०७४ को दफा ४९ र नियमावली २०७५ मा भएको लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार एवं सबैको बचत तथा ऋण सहकारी संस्थाको विनियम र कार्यविधिहरु अनुरूप यस सहकारी संस्थाको आर्थिक, नीतिगत, कानूनी लगायत समग्र गतिविधिहरूको नियमित आन्तरिक परीक्षण तथा सुपरिवेक्षण गरी लेखा सुपरिवेक्षण समितिको तर्फबाट त्रैमासिक रुपमा सञ्चालक समिति र व्यवस्थापनलाई प्रतिवेदन मार्फत राय सुक्षाव प्रस्तुत गरेका छौं।

यस संस्थाले सहकारीका मुल्य, मान्यता, सिद्धान्त अनुरुप सदस्य केन्द्रित र समुदायमा आधारित रहि आफ्नो कार्य निरन्तर रुपमा गरिरहेको सर्वविदितै छ। सहकारीको सफलता, विश्वसनियता र दिगो विकासका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली सहितको सुशासन स्थापित गर्न लेखा सुपरिवेक्षण समितिको भुमिका महत्वपूर्ण रहन्छ। सहकारी ऐनले निर्दिष्ट गरेका लेखा सुपरिवेक्षण समितिका काम, कर्तव्य र अधिकार अर्न्तगत रहेर लेखा सुपरिवेक्षण समितिले यसै प्रतिवेदन मार्फत यस सम्मानित साधारण सभा समक्ष आफ्ना राय, सुक्षावहरु प्रस्तुत गरेका छौ। संस्थाका शेयरसदस्य ज्यूहरुको सक्रिय सहभागिता र सहकारी प्रतिको गहिरो विश्वासलाई हार्दिक धन्यवाद दिन चाहान्छौ।

१. **यस संस्थाका सवल पक्षहरू :**

- यो संस्था सहकारी, मूल्य, मान्यता, सिद्धान्त र विचारबाट सञ्चालित छ।
- साधारण सभा र निर्वाचन समयमै सम्पन्न भइरहेको छ।
- यस संस्थाका विनियम तथा संस्थालाई सफल रुपमा सञ्चालन गर्नको लागि बनाईएका २१ वटा कार्यविधिहरु समयसापेक्ष संशोधन, परिमार्जन र सुधार गर्दै लगिएको छ।
- संस्थाको व्यवसाय तथा सेवा क्षेत्रमा क्रमिक विस्तार भएको छ।
- संस्थाले सञ्चालन खर्चमा मितव्ययीता अपनाएको छ।
- यस आ.व. २०८३/०८४ मा संस्थाले ४ वर्षे व्यावसायिक रणनितिक योजना निर्माण गरि स्विकृतीको लागि यस सम्मानित सभामा पेश गरेको छ।
- संस्थाको वित्तीय साखलाई उच्च प्राथमिकतामा राखिएको छ।
- संस्थागत पूँजी निरन्तर वृद्धि हुँदै गएकोले संस्थाको सञ्चालन क्षमतामा वृद्धि हुदै गएको देखिन्छ।

२. संस्था सम्बन्धी विवरण :

विवरण	२०८२ आषाढ मसान्त	२०८३ आषाढ मसान्त	फरक	परिवर्तन %
शेयर सदस्य सख्या:	८०४४ जना	८५४२ जना	४९८ जना	६.२०%
महिला शेयर सदस्य:	४४५८ जना	४७३७ जना	२७९ जना	६.२६%
पुरुष शेयर सदस्य:	३५८६ जना	३८०४ जना	२१८ जना	६.०८%
सस्थागत शेयर सदस्य	०।०	१ जना	१ जना	१ जना थप
कुल शेयर पूँजी:	रु १०,४८,८०,०००।००	११,८१,११,०००।०	१,३२,३१,०००।०	१२.६२%
जगेडा कोष	रु ३,९६,३७,३२४।६६	४,५५,०८,८२६।५४	५८,७१,५०१।०	१४.८१%
अन्य कोषहरु	रु १,७१,९१,५७१।८५	रु १७३,६०,१६१।२७	१,६८,५८९।४२	०.९८%
निक्षेप रकम:	रु १,०८,०१,५२,२८३।२०	१,१३,६७,१६,४८१।८०	५,६५,६४,१९८।६	५.२४%
ऋण लगानी रकम:	रु ९६,६४,८१,०९१।०	१,००,७०,६५,०००।०	४,०५,८३,९०९।०	४.२०%
कुल वासलात रकम:	रु १,३०,२३,४७,३९९।०५	१,४०,२९,३८,१३०।५७	८,३८,२१,९५०।९०	६.४४%
पाउनुपर्ने ब्याज बाकि	रु १,३१,७१,४६७।५४	१,५१,७५,७२२।५४	२०,०४,२५५।०	१५.२२%
भाखा नाघेको कर्जा	रु ३,४८,३०,९५१।०	४,८८,५३,७४५।०	१,४०,२२,७९४।०	४०.२६%
ऋण जोखिम कोष	४,३९,७३,३६१।९०	४,९०,००,०००।०	५०,२६,६३८।१०	११.४३%
तरलता प्रतिशत	२६.१४%	२८.४२%	२.२७%	बढेको
खुद नाफा	रु १,८६,२७,१९८।९५	१,६८,७३,६०३।२२	(१७,५३,५९५।७३)	(१%)
संस्थाको कार्यक्षेत्र:	तिलोत्तमा न.पा.,बुटवल उपमहानगरपालिका,सिद्धार्थनगर न.पा र ओमसतीया गाउपालिका ।			

३. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन:

क) साधारणसभा र सोको निर्णयहरुको कार्यान्वयनको अवस्था:

- चौथो साधारणसभाद्धारा गरिएका महत्वपुर्ण निर्णयहरु :

१. सदस्यता वृद्धि तथा सदस्य सेवा क्रियाकलाप
२. सस्थाको नितिनियम निर्माण,संशोधन तथा परिमार्जन
३. भौतिक पुर्वाधार तथा स्थिर सम्पत्ती बिक्रि तथा सट्टापट्टा सम्बन्धमा
४. सस्था एकिकरण सम्बन्धमा ।
५. ऋण सदुपयोगीता अनुगमन ।
६. शेयर रकम थप सम्बन्धमा ।

- चौथो साधारणसभाले आ.व. २०८२/०८३मा ८०६ जना सदस्य थप गर्ने योजना पारित गरेता पनि जम्मा ४९८ जना मात्र थप गरिएको हुदा पारित योजना पूर्ण हुन सकेको देखिदैन तर सदस्य सेवा क्रियाकलाप अर्न्तगतका बार्षिक कार्यक्रमहरु करिव ८५ प्रतिशत भन्दा बढि सम्पन्न भएको देखिन्छ ।
- सस्थाको नीति तथा कार्यविधिहरु (संख्या २१) संशोधन गर्ने निर्णय पूर्ण रुपमा कार्यान्वयन भएको छ र संशोधित कार्यविधिहरु साधारण सभाबाट पारित भई लागु गरिएको छ।
- भौतिक पुर्वाधार तथा स्थिर सम्पत्ती बिक्रि तथा सट्टापट्टा सम्बन्धमा सञ्चालक समितिलाई अख्तियारी दिईएता पनि कार्यान्वयन भएको देखिदैन ।
- सस्था एकीकरण सम्बन्धमा आवश्यक छलफल भै रहेको र यो रिर्पोट तयार पार्ने समयसम्म कुनै पनि अर्को संस्था बिचमा आपसी समझदारी पत्रमा हस्ताक्षर भएको देखिदैन ।
- ऋण सदुपयोगीता अनुगमन गर्ने सम्बन्धमा कुनै पनि फाइलमा सो सम्बन्धमा कुनै पनि कार्य भए गरेको देखिदैन ।
- शेयर रकम थप सम्बन्धमा भएको निर्णय कार्यान्वयन भएको देखिन्छ ।

४. आ.व २०८२/०८३ मा सञ्चालक समिति, लेखा समिति र अन्य उपसमितिको बैठक सख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्थाः

क्र.सं.	समिति / उपसमिति	बैठक संख्या	उपस्थिति प्रतिशत
१	सञ्चालक समिति	१४ वटा	८६.३६
२	लेखा सुपरिवेक्षण समिति	५ वटा	१००
३	शिक्षा उपसमिति	१ वटा	१००
४	ऋण लगानी उपसमिति	२६ पटक	८९.७४
५	आन्तरिक ऋण व्यवस्थापन उपसमिति	२२० पटक	

❖ धितो मुल्यांकन उपसमिति : १३३ वटा

सेवाकेन्द्र	मु.का	भलवारी	सेमरा	गोरकटवा	बासघारी	शिवचोक	नन्दनवन	शिवपुर	भरवलिया
१० लाख सम्म	१९	५	२	३	६	२	५	३	१४
१० लाख भन्दा माथि	७४								

क) नियमित रुपमा सस्थाको सञ्चालक समिति र उपसमिति बैठकहरु बसी आवश्यक निर्णयहरु गर्ने गरिएको पाईन्छ। बैठकमा सञ्चालक समिति तथा उपसमितिहरुकोउपस्थिती न्युनतम ८६.३६ प्रतिशत रहेको तथा बैठकमा सक्रियतापुर्वक भाग लिने गरेको पाईयो। निर्णयहरु सर्वसम्मत रुपमा पारित भै कार्यान्वयन गरेको देखिन्छ। प्रत्येक बैठकमा गत बैठकका निर्णयहरु र सोको कार्यान्वयनको अवस्था तथा व्यवस्थापनको तर्फवाट अघिल्लो महिनाको प्रगती विवरण, ऋण लगानी अनुमोदन, भाखा नाघेका कर्जाको असुली, नया शेयर सदस्य थप अनुमोदन आदि बारेमा निर्णय गर्ने गरेको पाइयो। साथै गरेका निर्णयहरुको वैद्यता, निर्णय कार्यान्वयनको अवस्था,निर्णय पुस्तिका ब्यवस्थापन लगायतका कुराहरुले संस्थाको संस्थागत सुशासन देखिन्छ। संस्थाका सबै उपसमितिहरु सक्रिय रहेको देखिन्छ।

ख) सेवाकेन्द्र व्यवस्थापन उपसमितिको बैठक सम्बन्धित सेवा केन्द्रको कार्यलयमा नियमित रुपमा बसि सेवा केन्द्रमा भए गरेका कार्यहरुको बारेमा छलफल गरि आवश्यकता अनुसार सेवा केन्द्र संयोजकले सञ्चालक समितिको बैठकमा आफनो सेवाकेन्द्रको बारेमा जानकारी दिने र सञ्चालक समितिले निर्णय गर्ने गरेको पाईयो।

ग) सस्थाले महत्वपूर्ण तथा गहन बिषयमा निर्णय गर्दा संस्थाका सल्लाहकारहरु, लेखासुपरीवेक्षण समिति, बिभिन्न उपसमितिलाई समेत पुर्ण बैठकमा आमन्त्रित गरि छलफलमा सहभागी गराउने गरेको र सोहि अनुरुप निर्णयहरु कार्यान्वयन भएको देखिन्छ।

५. ऋण लगानीको प्रकृया, धितो सुरक्षण, मुल्याङ्कन पद्धती वा कर्जाको गुणस्तरको अवस्थाः

कर्जा सम्बन्धि फाइलहरु चेकजांच गर्ने क्रममा यस लेखा सुपरिवेक्षण समितिले हरेक सेवाकेन्द्र तथा केन्द्रिय कार्यालयमा नमुनाविधि (Sampling Method)अपनाईएको व्यहोरा अवगत गराउदछौं। स्विकृत भएका सम्पूर्ण फाईलहरुको पूर्ण चेकजाच गर्ने व्यवस्था कर्जा विभागलाई दिई नपुगेका कागजात अद्यावधिक गरि आगामी दिनमा कर्जा फाईलहरुमा चुस्त दुरुस्त रहने व्यवस्थाको लागि सुक्षाव पेश गर्दछौ। यस संस्थाको नीति तथा कार्यविधिको पुर्ण पालना गर्दे कारोवार सञ्चालन गर्ने व्यवस्थापनको नीति रहेको कारण कर्जा फाईलहरुको व्यवस्थापनमा सुधार हुदै गएको देखिन्छ। यस समितिले कर्जा फाईलहरुको निरिक्षण गर्दा निम्नानुसारका कैफियतहरु रहेको र आगामी दिनमा कैफियतहरु नदोहोरिने गरि सुधार हुने अपेक्षा लिईएकोछ।

- बिना धितो जमानतमा ऋण लगानी भएका कर्जा फाईलहरुको असुली प्रक्रिया सन्तोषजनक देखिदैन त्यसैले त्यस्ता कर्जा फाइलहरुलाई कानुनी प्रक्रिया अपनाई रापसाफ गर्न सुक्षावछ
- बिना धितो लगानी गरिएको ऋणमा संस्थाको ऋण सुरक्षण तथा सदस्य संरक्षणको लागि ऋण रकम बराबरको ऋणी बिमा कार्यक्रमलाई अगाडि बढाउन सुक्षाव छ।
- सवै सेवा केन्द्रमा घर जग्गा धितोमा रहेका पुराना फाईलहरु कर्जा नविकरण वा थप गर्दा अनिवार्य रुपमा धितो मूल्याङ्कन उपसमिति वा प्राविधिकको मूल्याङ्कन पश्चात मात्र कर्जा थप अथवा नविकरण गर्ने कार्य गर्नुहुन। साथै घरको मूल्याडकन भएको खण्डमा घरको बिमा अनिवार्य गर्नुहुन।
